मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily






◆ वर्ष : २४ ◆ अङ्क : २५६ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ साउन १७ गते शुक्रबार (Friday, August 2. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-


### भन्सारबिनै ट्रक भित्र्याइएको प्रकरण

## कर्मचारी र सशस्त्रमाथि छानविन

**भद्रपुर,, साउन १६।** भन्सार बिनै नेपाल भित्र्याइएको भुइँकटहर (अनारश) लोड गरिएको ट्रक स्थानीयले नियन्त्रणमा लिएको समाचार बाहिरिएपछि ड्युटीमा खटिएका सशस्त्र प्रहरी र भन्सार कर्मचारीमाथि छानविन शुरु भएको बताइएको छ।

भद्रपुर भन्सार कार्यालय अगाडि सशस्त्र प्रहरी बल २ नम्बर गण झापाका सई अमर विक नेतृत्वको सशस्त्र प्रहरी टोली र भन्सारका सहायक कर्मचारीद्वय कृष्णप्रसाद निरौला र रामबहादुर थापा मङ्गलवार बेलुका ८ बजे ड्युटीमा खटिएका थिए।

सोही समयमा भारतको गलगलिया नाकाबाट मेची पुल हुँदै नेपाल भित्रिएको ना ५ ख ७३०७ नम्बरको ट्रकमा लोड गरिएको भुइँकटहर भद्रपुर भन्सार अगाडिबाट सोझै बसपार्कतर्फ लान लागेको अवस्थामा स्थानीय युवाहरुले ट्रक नियन्त्रणमा लिएर वडा प्रहरी कार्यालय भद्रपुरलाई बुझाएका थिए।



यस बिषयमा पूर्वाञ्चल दैनिकमा समाचार प्रकाशित भएपछि सशस्त्र प्रहरी बल २ नम्बर गण झापाले ड्युटीमा रहेका सई अमर बिकसहितको टोलीमाथि छानविन शुरु गरेको बताइएको छ।

ड्युटीमा खटिएका बेला भन्सारबिना ट्रक भित्रिएको बिषयलाई लिएर उनीहरुमाथि छानविन थालिएको हो। गणका डिएसपी तोर्णबिक्रम शाहले सई

(बाँकी अन्तिम पृष्ठमा)

# 'सका'को तलब १३५००

❒ सुरेन्द्र भण्डारी

**बिर्तामोड, साउन १६।** श्रम ऐनमा व्यवस्था भए अनुसारको तबल नपाएको भन्दै देश भरका प्रारम्भिक वालविकास कक्षाका सहयोगी कार्यकर्ता अझै पनि आन्दोलनकै चरणमा छन्।

ज्यादै न्यून वेतनमा बालबालिकालाई हेरचाह गर्नु पर्ने तर सरकारले कहिल्यै नहेरेको गुनासो आइरहँदा झापाको हल्दीवारी गाउँपालिकाले प्रारम्भिक बालबिकास कक्षाका सहयोगी कार्यकर्तालाई श्रम ऐनमै व्यवस्था भए अनुसारको तलव उपलब्ध गराउने भएको छ।

हालै सम्पन्न गाउँसभाले निर्णय गर्दै त्यस्ता सहयोगी कार्यकर्तालाई सरकारले प्रदान गरेको रकममा थप गर्दै १३ हजार पाँच सय रुपैयाँ पुऱ्याएर उनीहरुलाई प्रदान गर्न लागेको गाउँपालिका उपाध्यक्ष डम्वर गिरीले जानकारी दिए। उपाध्यक्ष गिरीका अनुसार गाउँपालिकाले त्यसका लागि ४५ लाख रुपैयाँ छुट्टै बजेट विनियोजन गरेको छ।

संघीय सरकारले प्रारम्भिक वालविकास कक्षाका सहयोगी कार्यकर्ताका लागि हाल ६ हजार रुपैयाँ प्रदान गर्दै आएको छ। त्यसमा ७ हजार ५ सय रुपैयाँ थप गर्दै गाउँपालिकाले प्रारम्भिक बालबिकास कक्षाका सहयोगी कार्यकर्तालाई प्रदान गर्न लागेको हो -उपाध्यक्ष गिरीले भने - 'हल्दीवारी गाउँपालिकामा ३४ जना त्यस्ता सहयोगी कार्यकता हुनुहुन्छ उहाँहरु सवैले यो आर्थिक वर्षबाट श्रम ऐनमा व्यवस्था भए अनुसारकै तलव पाउनु हुन्छ।'

झापाका १५ वटा स्थानीय तह मध्ये सबैजसो स्थानीय तहले प्रारम्भिक वालविकास कक्षाका सहयोगी कार्यकर्ताका लागि एक/दुई हजार रुपैयाँ प्रतिमहिना बढाएपनि एकै पटक यति धेरै रकम बढाउने हल्दीवारी गाउँपालिका जिल्लाकै पहिलो भएको छ।

**सका, कर्मचारी र शिक्षकको पोशाक एउटै**

बाल विकास र विद्यालय कर्मचारीको पोशाक शिक्षकको जस्तै हुने भएको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले एक सूचना जारी गर्दै यस्तो निर्णय गरिएका 'जनाएको हो।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको सूचनामा भनिएको छ- 'आर्थिक वर्ष २०७५-०७६ मा प्रारम्भिक बालविकास कक्षाका सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीको लागि पोशाक खर्चको व्यवस्था भएकोमा निजहरुले पनि अर्को व्यवस्था नभएसम्मका लागि शिक्षकहरुका लागि नेपाल सरकारले तोकेको पोशाक नै प्रयोग गर्ने व्यहोराको सूचना जारी गरिएको छ।'

**११-१२ का विद्यार्थीलाई प्रति महिना पाँचसय पढाइ खर्च**

सरकारले नै माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क भनेको छ। मुलुक संघीय संरचनामा गएपछि कक्षा १ -५ र कक्षा ६-८ सम्मलाई दुई चरणमा आधारभूत तहको व्यवस्था गरियो। आधारभूत तहसम्म शिक्षा अनिवार्य र निःशुल्क भनिएको छ।

त्यस्तै ९ - १२ लाई माध्यमिक शिक्षा मानिएको छ। यसलाई पनि निःशुल्क गर्ने भनिएको छ। तर, दरवन्दी अभाव देखाउँदै सवै सामुदायिक विद्यालयले कक्षा ११ -

(बाँकी अन्तिम पृष्ठमा)


**कालसर्प योगको नाममा ठगीधन्दा -पृष्ठ ५ मा**


## भद्रपुर बिमानस्थलबाट गोलीसहित एक पक्राउ

**बिर्तामोड, साउन १६।** झापाको भद्रपुर विमानस्थलबाट थ्रीनट् थ्री राइफलको गोलीसहित विहीवार एक व्यक्ति पक्राउ परेका छन्।

दिउँसो २ बजेको सौर्य एयरलाइन्सबाट काठमाडौं जान लागेका इलामको सूर्योदय नगरपालिका -४ निवासी ३१ वर्षीय सुरेश राई पक्राउ परेका हुन्।

उनलाई विमानस्थलमा चेक जाँचका लागि खटिएको प्रहरीको टोलीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए।

पक्राउ परेका राईलाई अनुसन्धान थालिएको प्रहरीले जनाएको छ। अनुसन्धानपछि राईलाई हातहतियार तथा खरखजाना ऐन अन्तरगत मुद्दा चलाइने प्रहरी नायव उपरीक्षक श्रेष्ठले जानकारी दिए।










## एनसेलको टावरमा आगजनीको प्रयास

**बिर्तामोड, साउन १६।** अज्ञात समूहले झापाको अर्जुनधारा- १० कालिकास्थानमा



रहेको एनसेलको टावरमा आगजनीको प्रयास गरेको छ।

एनसेलको टावरमा जुटको बोरामा पेट्रोल छर्किएर आगजनीको प्रयास गरेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्र श्रेष्ठले जानकारी दिए। उनका अनुसार बुधवार राति साढे १२ बजेको समयमा

(बाँकी अन्तिम पृष्ठमा)

